# डेरी पसल गर्ने व्यवसायीहरूले पालना गर्नुपर्ने मापदण्ड, २०८१

नगरकार्यपालिकाबाट मिति २०८१/०५/२४ मा पारित यो मापदण्ड कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८१/०५/२६

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्द्धघाट सुस्ता पूर्व)

२०८१

## डेरी पसल गर्ने व्यवसायीहरूले पालना गर्नुपर्ने मापदण्ड, २०८१

कावासोती नगरबासीलाई सफा, स्वच्छ र स्वस्थ्य दूध र दुग्धजन्य पदार्थ उपलब्ध गराउनका लागि दूध उत्पादन, संकलन र वितरणमा संलग्न दूध उत्पादक सहकारी संघ/संस्था, कृषक समूह/समिति, उद्योग, व्यवसायिक फर्म, कम्पनी, निजी उद्यमीलाई जिम्मेवार बनाई सहज विक्रिवितरण गर्ने र उपभोक्ताको स्वास्थ्य स्थिति सुधार गर्दै स्वस्थ दूध गोठ देखि ओठ सम्म पुराउन वाञ्छनीय भएकाले,

कावासोती नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ दफा ४ (२) बमोजिम कावासोती नगर कार्यपालिकाले यो मापदण्ड तयार गरि लागु गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

क. यो मापदण्डको नाम "डेरी व्यवसायीहरूले पालना गर्नुपर्ने मापदण्ड, २०७१" रहेको छ।

ख. यो मापदण्ड कावासोती नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क. "नगरपालिका" भन्नाले कावासोती नगरपालिकालाई सम्झनु पर्छ।

ख. "दूध" भन्नाले स्तनधारी पशु (गाई र भैसी) व्याएको ३ दिनपछिको उत्पादन भएको पदार्थ सम्झनु पर्छ।

ग. "डेरीपसल" भन्नाले व्यवसायिक रुपमा दूध र दुग्धजन्य पदार्थ विक्रि गर्ने स्थान सम्झनु पर्छ।

घ. "शाखा" भन्नाले कावासोती नगरपालिका पशुपन्छी विकास शाखा भनि सम्झनु पर्छ।

**३. उद्देश्यहरूः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेका छन्।

क. उपभोक्ताका लागि स्वच्छ, स्वस्थ र सफा दूध र दुग्धजन्य पदार्थ उपलब्ध गराउन सहयोग गर्ने।

ख. गुणस्तरिय एवम् प्रशोधित दूध उत्पादन गरि विक्रिवितरणमा सहयोग गर्ने।

## परिच्छेद २

## आधारभूत मापदण्डहरू

४. दूध उत्पादन, संकलन र बिक्रिवितरणमा संलग्न डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी, निजी उद्यमीहरु कावासोती नगरपालिकामा दर्ता हुनुपर्नेछ । दर्ताका लागि अनुसुची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

५. दर्ताका लागि आवश्यक पर्ने कागजातहरुः

- क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- ख. पार्सपोर्ट साईजको फोटो २ प्रति।
- ग. जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि वा बहाल बिटौरी कर तिरेको प्रमाणको प्रतिलिपि।
- घ. सम्बन्धित वडा कार्यालयको सिफारिस र चारकिल्ला प्रमाणित सर्जमिन मुजुल्का (फार्मले समुदायमा पार्न सक्ने सकारात्मक/नकरात्मक प्रभावको विवरण सहितको)
- ङ. सर्जमिन मुजुल्कामा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- च. जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको हुनुपर्ने)
- छ. एकाघरको व्यक्तिको नाममा जग्गा भए मञ्जुरिनामा।

६. आधारभुत मापदण्ड पुरा गरेका डेरी पसललाई अनुसुची २ बमोजिमको दर्ता प्रमाणपत्र दिईने छ।

७. डेरी उद्योग, व्यवसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुले दर्ताका लागि कम्तिमा दैनिक ५० लिटर दूध उत्पादन, संकलन वा बिक्रिवितरण गरेको हुनुपर्दछ ।

८. सामान्यतया ८  देखि १२ फिट चौडाई र १० देखि २० फिट लम्वाई भएको पसल हुनु पर्नेछ ।

९. डेरी पसलको उँचाई न्यूनतम ८ फिट कायम रहने गरि सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको हुनु पर्नेछ ।

१०. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्रि भागमा सेतो रङ्गको टायल लगाईएको हुनु पर्नेछ ।

११. डेरी पसलको भित्रि कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल/मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको हुनु पर्नेछ ।

१२. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रबन्ध मिलाएको हुनु पर्नेछ।

१३. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टिलले बनेको हुनु पर्नेछ ।

१४. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव) अवलम्वन गर्नु पर्नेछ।

१५. डेरी पसलमा झिंगा वा अन्य अवान्छित जिवजन्तुहरु पस्न नसक्ने किसिमले जाली वा सिसा लगाएको हुनु पर्नेछ।

१६. डेरी पसलमा गाई वा भैसीको दूध छुट्टाछुट्टै वा मिश्रित गरि चिनिने गरि राख्नु पर्नेछ।

१७. डेरी पसलमा डिप फ्रिज वा चिलरको व्यवस्था हुनुपर्नेछ।

१८. डेरी पसल सँगै अरु तरकारी, फलफुल, किराना र  खाद्यान्न आदि सामाग्रीको विक्री गर्न पाइने छैन।

१९. डेरी पसलमा चुरोट, सुर्ति लगायत पदार्थको सेवन नगरि दूध वा दुग्ध पदार्थको स्वच्छता कायम राख्नु पर्नेछ।

२०. डेरी पसल सफा, स्वच्छ, दुर्गन्ध रहित, Drainage र प्रशस्त सफा पानीको व्यवस्था भएको हुनुपर्नेछ।

२१. डेरी पसलमा दूध र दुग्धजन्य पदार्थमात्र बेचबिखन गर्न पाईने छ।

२२. डेरी पसलमा फ्याट, एसएनएफ र मिसावट जाचँ गर्ने व्यवस्था हुनुपर्नेछ।

२३. डेरी पसलको नाम खुलेको वोर्ड, दर्ता प्रमाण पत्र, पान नं र दैनिक मूल्य सूची टाँस गरेको हुन पर्नेछ।

२४. डेरी पसलमा अति आवश्यक स्टिल टेवुल र फ्रिज उपकरण वाहेक वाकस, दराज, पलङ लगायत अन्य कुनै पनि सामान राख्न पाइने छैन।

२५. सरोकारवाला संस्थाको आधिकारीक प्रतिनिधिले डेरी पसल तथा गुणस्तर परीक्षण गर्न चाहेका वखत पूर्ण रुपले सहयोग गर्नु पर्नेछ। सरोकारवाला निकायले दिएको  निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ।

## परिच्छेद ३
## विविध

२६. **निःसंक्रमण गर्नु पर्ने**: डेरी पसल प्रत्येक दिन अनुसूची–**३** मा उल्लेख भए बमोजिमको निःसंक्रमणजन्य रसायन प्रयोग गरि गर्नु पर्नेछ।

२७. **बिक्री गर्ने नपाइने**

१. दूध र दुग्धजन्य पदार्थमा मिसावट गरेर  बिक्रि गर्न पाईने छैन।

२. लेबल नभएका दूध र दुग्धजन्य पदार्थ विक्रि गर्न पाईने छैन तर दूध उत्पादन गरेको स्थानबाट बिक्रि वितरण गर्दा लेबल आवश्यक पर्ने छैन।

२८. **अनुगमन तथा निरिक्षण**: कावासोती नगरपालिका, पशुपन्छी विकास शाखाले अनुगमन तथा निरीक्षण गर्नेछ।

**२९. थपघट वा हेरफेर गर्न सक्ने:**

१. यो मापदण्डको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिका ले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

३. यो मापदण्डको कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसुचीहरुको निर्माण तथा परिमार्जन नगरकार्यपालिकाले गर्न सक्नेछ ।

४. यस मापदण्डमा उल्लेख भएका व्यहोराहरू यसै बमोजिम र नभएका सर्त वा व्यहोराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

# अनुसुची – १

## डेरी पसल सञ्चालन गर्नको लागि दिइने दरखास्त फाराम

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू मितिः
कावासोती नगरपालिका।

विषयः डेरी पसल दर्ता गरि पाँउ भन्ने बारे।

मैले/हामीले निम्न ठेगानामा डेरी पसल स्थापना गरी सञ्चालन गर्न लागेको हुँदा सो कार्यको लागि दर्ता प्रमाणपत्र पाउंन यो निवेदन पेश गरेको छु/ छौ । प्रचलित कानून तथा डेरी पसल गर्ने व्यवसायीहरूले पालना गर्नुपर्ने मापदण्ड,२०८१ को परिधि भित्र रही काम गर्नेछु/ छौ ।

निवेदकको–
नामः
सहीः
ठेगानाः
डेरी पसलको नामः
डेरी पसल राखिने ठाउँको ठेगानाः
प्रदेशः
जिल्लाः
वडा नं.
बिक्री गरिने वस्तुको किसिमः

## अनुसुची – २

## डेरी पसल सञ्चालन गर्ने दर्ता प्रमाणपत्र

पत्र संख्याः
दर्ता नं.

तपाई श्री /श्रीमती . . . . . . .. . .. . . . .. लाई डेरी पसल गर्ने व्यवसायीहरूले पालना गर्नुपर्ने मापदण्ड,२०८१ बमोजिम यो इजाजतपत्र प्रदान गरिएको छ। उक्त मापदण्डको अधीनमा रही डेरी पसलको सञ्चालन गर्नुहोला।

(१) डेरी पसलको नाम र ठेगानाः
(२) सञ्चालनकर्ताको नामः
(३) ठेगानाः
(४) बाबुको नामः
(५) बाजेको नामः
(६) बिक्री गरिने बस्तुको किसिमः
(७) सहीः
(८) औठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

(९) इजाजतपत्र पाउनेको फोटो/ संस्था भए छापः

प्रमाणपत्र दिने अधिकारीको–
सहीः
नामः
पदः
कार्यालयको छापः

## अनुसुची – ३

## डेरीपसल निःसंक्रमण गर्ने विधि

निःसंक्रमण गर्दा निःसंक्रमण गरिने बस्तुको प्रकृति हेरी देहायको कुनै रासायनिक वा भौतिक विधि प्रयोग गर्नु पर्नेछ–

१. चुन – पानीमा २० प्रतिशतको घोल।

२. सोडियम कार्बोनेट – पानीमा ५ देखि ८ प्रतिशतको घोल।

३. सोडियम हाइड्रोक्लोराइड – पानीमा १ देखि ५ प्रतिशतको घोल। आवश्यक परेमा ५ प्रतिशतको चुनको घोल समेत मिलाएर प्रयोग गर्न सकिनेछ।

४. फिनोलिक एसिड – पानीमा ३ देखि ५ प्रतिशतको घोल।

५. फिनोलिक एसिड दर सल्फयुरिक एसिडको समिश्रण भएको घोल – एक लिटर पानीमा पचास मिलिलिटर समिश्रणको घोल।

६. फर्मालिन – ४० प्रतिशतको फर्मालिन झोललाई पानीमा ५ प्रतिशतको घोल।

७. सोडियम हाइपोक्लोराइड – पानीमा १ देखि ३ प्रतिशतको घोल।

८. पाराबैजनी किरण (अल्ट्राभायोलेट लाइट) – कम्तीमा लगातार दुई घण्टा प्रयोग।

९. आगोको ताप – ब्लो ल्याम्पको प्रयोग।

१०. अटोक्लेभ वा पानीमा उमालेर।

द्रष्टव्यः निःसंक्रमणका उपलब्ध अन्य उत्पादनकहरु अवस्था हेरी प्रयोग गर्न सकिनेछ।

नगरकार्यपालिकाबाट मिति २०८१/०५/२४ मा पारित यो मापदण्ड कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८१/०५/२६